नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन एकाई, भक्तपुर
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौ र ललितपुर)

☎०१-५७०८१००
Email:pmamp.piu.bhaktapur@gmail.com
Website: piubhaktapur.pmamp.gov.np

सुर्यविनायक न.पा.-५, चुनदेवी
भक्तपुर

## सूचना नं.: १

### परियोजना कार्यान्वयन एकाई, भक्तपुर अन्तर्गत संचालन हुने

# कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०४/३०)

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, भक्तपुर अन्तर्गत संचालित जोनका कार्यक्षेत्रहरु :

| क.सं | जोन | जोनको क्षेत्र (पालिकाको नाम, वडा आदि) |
|---|---|---|
| १ | आलु जोन भक्तपुर | चाँगुनारायण न.पा. वडा नं. १ देखी ९ सम्म |
| २ | आलु जोन काठमाण्डौ | शंखरापुर न.पा. वडा नं. १ देखी ९ सम्म |
| ३ | तरकारी जोन ललितपुर | गोदावरी न.पा. वडा नं. ३, ५, ६, ७, ८, ९ र १२<br>कोन्ज्योसोम गा.पा. वडा नं. १, २ र ३<br>बागमती गा.पा. वडा नं. १ र २ |
| ४ | तरकारी जोन, भक्तपुर | मध्यपुर थिमी न.पा. वडा नं. २,६,७,८र,९<br>सुर्यविनायक न.पा. वडा नं. १,४,७,८,९ र १० |
| ५ | तरकारी जोन, काठमाडौं | नागार्जुन न.पा. वडा नं. ५,६,७,८,९ र १०<br>चन्द्रागिरी न.पा. वडा नं. १,२,३,४,७,९,१३ र १४) |
| ६ | दुध(गाई-भैंसी )जोन, ललितपुर | गोदावरी न.पा. वड्डा नं १,२,३,४,६, ७,८, १०,११,१३ र १४ |

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल, प्रचलित नियम कानुन र स्वीकृत नर्मसहरु अनुसार संचालन हुने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई भक्तपुरको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भक्तपुर, ललितपुर र काठमाण्डौं जिल्लाहरुमा संचालित विभिन्न वालीका जोन (व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र) क्षेत्रमा संचालन हुने तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन चाहने संबन्धित जोन क्षेत्रका सुचिकृत कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र निजी कृषि फर्म तथा कृषि कम्पनीहरुका आधिकारिक व्यक्तिले यस कार्यालयको निर्धारित ढांचाको आवेदनसाथ निम्न बमोजिमको आवश्यक कागजातहरु सहित कार्यालय समयभित्र परियोजना कार्यान्वयन एकाई, भक्तपुर वा सम्बन्धित जोन प्राबिधिक एकाइ ललितपुर वा काठमाण्डौमा मिति २०७९ भाद्र २८ गते सम्म (अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको भोलिपल्ट) ५०% प्रतिशत अनुदानमा संचालन हुने कार्यक्रमहरुका लागि प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। पुनश्च : हालसम्म सुचिकृत नभएका कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुले आवेदन सहितको प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै नियमानुसार सम्बन्धित जोनमा सूचिकृत भई कार्यक्रममा सहभागिताको लागि प्रस्ताव पेश गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा वजेट (रु.लाखमा ) | यस कार्यालयवाट उपलब्ध हुन सक्ने अनुदान | कार्यक्रम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार (पुंजीगत) | संख्या | ११ | १६.५ | प्रति आयोजना बढीमा १ लाख ५० हजार | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -बाँध, नहर, कुलो, पैनी, स्यालो ट्युवेल, पानी संकलनका लागि पक्की ट्यांकी /इन्टेक आदि पक्की सरंचना निर्माणका लागि |
| २ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार( चालु ) | संख्या | २६ | ३९ | प्रति आयोजना बढीमा १ | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी | -कम्तिमा ५ रोपनी क्षेत्रमा सिंचाई हुनु पर्ने |

टीकाराम शर्मा
वरिष्ठ कृषि अधिकृत

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा वजेट (रु.लाखमा ) | यस कार्यालयवाट उपलब्ध हुन सक्ने अनुदान | कार्यक्रम संचालन हुने स्थान | कैफियत |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | | | लाख ५० हजार | तथा आलु जोन क्षेत्रहरुमा | -थोपा सिंचाई सेट जडानको हकमा कम्तिमा २ रोपनी वा सो भन्दा बढी क्षेत्रमा सिंचाई हुने सुनिश्चितता हुनु पर्ने । |
| ३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ५० | स्वीकृत दररेटमा ५० प्रतिशत | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी,आलु तथा गाई-भैंसी जोन क्षेत्रहरुमा | सम्बन्धित बस्तु बिषेश जोन( आलु,तरकारी, र गाईभैंसी ) का आधारमा प्रयोग हुने कृषि यन्त्र/उपकरण/औजारहरूको खरिदका लागि पुँजीगत अनुदान |
| ४ | कृषि बजार, भण्डारण पुर्वाधार, प्रथमिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | संख्या | १ | १५ | प्रति आयोजना बढीमा १५ लाख | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी,आलु तथा गाई-भैंसी जोन क्षेत्रहरुमा | कृषि बजार निर्माण , भण्डारण पुर्वाधार निर्माण , कृषि तथा पशु उत्पादनका प्राथमिक प्रशोधन वा प्रशोधन उधोग स्थापना आदिका लागि पुँजीगत अनुदान |
| ५ | चक्लावन्दी, सामुहिक र करार खेती विकास कार्यक्रम संचालनको लागि सहकारी, निजी क्षेत्र र विदेशमा कृषि पेशाबाट फर्केका व्यक्तिबाट माँग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | हेक्टर | २१ | ४२ | बढीमा प्रति हेक्टर २ लाख | काठमाण्डौ, ललितपुर, भक्तपुर जिल्लाहरु | कम्तिमा १० रोपनी क्षेत्रफलमा चक्लावन्दी/सामुहिक / करार खेतीमा संलग्न भएको हुनु पर्ने |
| ६ | उन्नत प्रविधि प्रर्दशन तथा प्रर्वद्धन कार्यक्रम | संख्या | ८ | ६.४ | बढीमा प्रति प्रदर्शन ८० हजार | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | कम्तीमा १० रोपनी क्षेत्रफलमा ब्यवसायिक खेति गरेको हुनुपर्ने |
| ७ | सिताके च्याउमा उन्नत प्रविधि प्रदर्शनं कार्यक्रम | संख्या | ५ | २.५ | बढीमा प्रति प्रदर्शन ५० हजार | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | सिताके च्याउ वा अन्य च्याउ खेतीको ब्यवसायिक खेतीमा संलग्न हुनु पर्ने |
| ८ | माटो सुधार ( कृषि चुन तथा मलको प्रयोगवाट) | पटक | १ | १५ | स्वीकृत दररेटमा ५० प्रतिशतमा | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी | माटो परिक्षणको रिपोर्ट अनुसार अम्लीय वा क्षारिय |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
भक्तपुर

वरिष्ठ कृषि अधिकृत

| क्र.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा वजेट (रु.लाखमा ) | यस कार्यालयवाट उपलब्ध हुन सक्ने अनुदान | कार्यक्रम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | कृषि चुन वा जिप्सम | तथा आलु जोन क्षेत्रहरुमा | माटो भइ चुन वा जिप्सम प्रयोग को सिफारिस भएको |

आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु

१. संस्थाको छाप सहितको रु. १० को हुलाक टिकट टाँसेको कार्यालयले तोकेको ढाँचामा आवेदन ।

२. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) संबन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी।

३. समुह सहकारीको हकमा जोनमा आवद्दता सम्वन्धि संस्थाको बैठकको निर्णयको प्रतिलिपी।

४. सम्वन्धित गाँउ पालिका, नगरपालिका, वडा कार्यालय वा पालिकाको कृषि शाखाको जोनमा आवद्धताका लागि सिफारिश पत्र ।

५. सहकारी सस्था/फर्महरुको अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

६. कर तिर्नुपर्ने संस्थाले अघिल्लो आ.व. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

७. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपी ।

८. आवेदन दिने संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको र संलग्न कृषकहरुको जग्गाको लालपूर्जाको प्रतिलिपी ।यदि जग्गा भाडामा लिएको हो भने कम्तिमा ५ वर्षको सम्झौता पत्र पेश गर्नुपर्नेछ । साथै पूर्वाधार निर्माणको हकमा कम्तीमा २० वर्षको सम्झौता अवधि हुनुपर्नेछ ।

पुनश्चः आवेदक जोनसँग सम्बन्धित वालीको उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धि कार्यमा व्यवसायिक रुपमा संलग्न रहेको हुनुपर्नेछ । आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात र प्रक्रिया नपुगेको खण्डमा ति कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/उद्यमी (फर्म) हरुलाई जोनमा आवद्धता दिनका लागि परियोजना कार्यान्वयन एकाई बाध्य हुने छैन ।

नोटः

- गत आ.व.मा संबन्धित जोनमा सूचिकृत भइ सकेका कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म)हरुले सूचिकृत हुनको लागि आवेदन पेश गर्नुपर्ने छैन । तर गत आ.व.मा तोकिएको ढाँचामा विवरण पेश नगरेका संस्थाहरुले अध्यावधिक विवरण पेश गर्नुपर्नेछ ।
- साथै गत आ.ब. कार्यक्रम संचालन गर्दा सहभागी नभएका व्यवसायिक संस्थाहरुलाई प्राथमिक्ता दिईने छ ।
- गत आ.ब.को कार्यक्रममा अनुदान प्राप्त संस्थाहरुलाई सोहि कार्यक्रममा दोहरिने गरि कार्यक्रमको आवेदन लिइने छैन। साथै समुह/सहकारीको हकमा गत आ.ब.को कार्यक्रममा अनुदान पाएका सदस्यहरु नदोहरिने र नपाएका सदस्यहरुले पाउने सुनिश्चितताको लागि लाभग्राहीको नाम सहितको बैठकको निर्णय र अघिल्लो आ.ब.का लाभग्राहीहरुको भरपाई निवेदनका साथ अनिवार्य संलग्न गर्नु पर्ने छ।
- निवेदकले समान प्रकृतिको कामका लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी, गैह सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि माग गरेको वा प्राप्त गरेको भए स्पष्ट रुपमा परियोजना कार्यान्वयन इकाईलाई जानकारी गराउनु पर्नेछ। समान प्रकृतिको कामका लागि एउटै आ.व. मा अन्य कुनै निकायबाट अनुदान लिन पाइने छैन। यदि बदनियत पूर्ण रुपमा अन्य कुनै निकायबाट समान प्रकृतिको कामका लागि एउटै आ.व.मा अनुदान लिएको पाइएमा प्रचलित कानुन बमोजिम कार्वाही र सरकारी बाँकि सरह असुल उपर गरेमा कुनै उजुर बाजुर गर्ने छैन भनि स्व-घोषणा गर्नु पर्नेछ ।

## आवेदन पेश गर्ने कार्यालयः

| | | |
|---|---|---|
| परियोजना कार्यान्वयन एकाइ- भक्तपुर,<br>सुर्यविनायक न.पा.-५, चुनदेवी, भक्तपुर<br>सम्पर्क नंबरः ०१-५७०८१००<br>सूचना अधिकारी : ९८५११४२१३१ | जोन प्राबिधिक एकाइ-ललितपुर,<br>गोदावरी न.पा.-१२, ठेचो, ललितपुर<br>सम्पर्क नंबरः ०१-५५७०२७३ | जोन प्राबिधिक एकाइ-काठमाण्डौं,<br>शंखरापुर न.पा.-६, साँखु, काठमाण्डौं<br>सम्पर्क नंबरः ०१-४४५१६५२ |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
भक्तपुर

टीकाराम शर्मा
वरिष्ठ कृषि अधिकृत